जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

इन्सेक insec अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०८० असोज १ गते

## 'मानव अधिकार शताब्दी व्यक्तित्व डा. गौरीशंकर लाल दास शताब्दी जन्मोत्सव समारोह समिति' गठन

राष्ट्रिय मानव अधिकार आयोगका एक संस्थापक सदस्य, प्रकाश मानव अधिकार पुरस्कार २०७४ बाट सम्मानित व्यक्तित्व डा. गौरीशंकर लाल दासको शताब्दी जन्मोत्सवका अवसरमा २०८०-८१ वर्षभरि नै विभिन्न कार्यक्रमहरूको आयोजना गर्न राष्ट्रिय मानव अधिकार आयोगका पूर्व अध्यक्ष पूर्व प्रधानन्यायाधीश केदारनाथ उपाध्यायको संयोजकत्वमा २०८० भदौ ३१ गते "मानव अधिकार शताब्दी व्यक्तित्व डा. गौरीशंकर लाल दास शताब्दी जन्मोत्सव समारोह समिति" गठन गरिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्यहरू सुशील प्याकुरेल, कपिल श्रेष्ठ, डा. रामदयाल राकेश, डा. केबी रोकाया, गौरी प्रधान तथा मानव अधिकार निगरानी समितिका संयोजक चरण प्रसाईं, इन्सेकका पूर्व अध्यक्ष सुबोधराज प्याकुरेल, गैरसरकारी संस्था महासङ्घका उपाध्यक्ष भावना भट्ट, नेपाल मानव अधिकार सङ्गठनका कार्यवाहक अध्यक्ष इन्द्रप्रसाद अर्याल, एम्नेष्टी इन्टरनेशल नेपालका अध्यक्ष विपिन बुढाथोकी, नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष डा. नेत्रप्रसाद तिमिल्सिना, मानव अधिकार एलाइन्सका महासचिव विदुर सुवेदी, राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका अध्यक्ष छत्र प्रधान, मानव अधिकार महाभेलाका संयोजक मञ्जु गुरुङ, राष्ट्रिय मानव अधिकार आयोगका सचिव मुरारी खरेल, इन्सेकका अध्यक्ष डा. कुन्दन अर्याल एवम् मानव अधिकार, प्रशासन, स्वास्थ्य, परोपकार लगायत विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तिहरू सम्मिलित ३५ सदस्यीय समिति गठन गरिएको हो । समितिको सचिवालय इन्सेक केन्द्रीय कार्यालयमा रहनेछ । समितिले मानव अधिकार शताब्दी व्यक्तित्व डा. दासको सम्मानमा वर्षभरि विभिन्न कार्यक्रमहरू आयोजना गर्नेछ ।

डा.कुन्दन अर्याल
अध्यक्ष

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन न.पा.-१०, (नीलो घर), स्युचाटार, काठमाडौं
पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल, फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
Email: insec@insec.org.np Website: www.insec.org.np, www.inseconline.org